# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।१२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला नवलपरासी साविक सनई गा.वि.स. वडा नं. ७, रगरगंज हाल पाल्हीनन्दन गाउँपालिका स्थित श्री बाईसीदेवी प्राथमिक विद्यालयले मिति २०६६।०४।३१ गते प्राथमिक विद्यालय राहत शिक्षक पदको विज्ञापन गरी उक्त विज्ञापन बमोजिम भएको परीक्षामा अध्यापन अनुमति-पत्र नभएका व्यक्तिहरूलाई समेत परीक्षामा सामेल गरेको र अध्यापन अनुमति पत्र नभएका व्यक्ति वाल्मिकि गुप्तालाई शिक्षक पदमा नियुक्ति गरेको भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त विज्ञापनमा उम्मेदवारले स्थायी अनुमतिपत्र पेश गर्नुपर्नेमा निज वाल्मिकि गुप्ताले शिक्षक सेवा आयोगबाट जारी गरिएको तर म्याद सकिएको अस्थायी अध्यापन अनुमतिपत्रमा अनधिकृत र गैरकानूनी तवरले म्याद उल्लेख भएको भाग मेटाई सोही अध्यापन अनुमतिपत्रको झुट्ठा विवरण पेश गरी श्री बाईसीदेवी प्राथमिक विद्यालयको राहत शिक्षक प्राथमिक विद्यालय तहमा नियुक्त भई सरकारी लाभ र सुविधा लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र ऐ. ऐनको दफा १६ बमोजिमको कसुर गरेको हुँदा निजलाई सोही ऐनको दफा ११ र दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता